**नगर सभाका अध्यक्ष ज्यू,**

**नगर सभाका सदस्य ज्यू हरु,**

नेपाल अधिराज्यको (७) सात प्रदेश मध्ये मधेश प्रदेशको राजधानी तथा एतिहाशिक तथा धार्मिक नगर जनकपुरधामको पश्चिम सिमामा आवस्थित महोत्तरी जिल्ला अन्तर्गत पर्ने लोहारपट्टी नगरपालिकाको ९ औ नगर सभाको यस बजेट अधिवेशनमा स्थानीय तहको दोस्रो कार्यालयको निर्वाचन पश्चात दोस्रो वर्ष पुरा गरि तेस्रो आर्थिक वर्ष २०८१।०८२ को लागि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न यहाँ उपस्थित भएको छु। नेपालको संविधानको धारा २३० बमोजिम यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८१।०८२ को लागि लोहारपट्टी नगरपालिकाको राजश्व र व्यय अनुमान सहितको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु।

यस अवसरमा प्रजातन्त्र प्राप्ती र संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्था प्राप्तीका लागी विभिन्न कालखण्डमा भएको आन्दोलन सशस्त्र जनयुध्द मधेश आन्दोलन लगायतका विभिन्न राजनितिक क्रान्ती तथा संघर्षको क्रममा आफो अमुल्य जिवन वालिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दछु।

नेपालको संविधानले संघ प्रदेश र स्थानीय तह गरी तीन तहको सरकार रहने व्यवस्था गरेको छ। जस मध्ये स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार हो।स्थानीय सरकारलाई कानून द्वारा प्राप्त विधायीकि कार्यकारणी र न्यायीक अधिकारको प्रयोग गर्दै उपलब्ध सिमित श्रोत साधनको उच्चतम परिचालन मार्फत प्राथमिकताको आधारमा स्थानीय सरकारको हैसियतले नगरपालिकाबाट हुने सेवा प्रवाहको प्रभावकारी कार्यान्वयन गरि नगरबासीलाई परिवर्तनको अनुभुती गराउने उद्देश्य हासिलका लागि यो नगरपालिका सदेव क्रियाशिल रहि रहने कुरा सबैमा आश्वसत गराउन चाहन्छु।

लोहारपट्टी नगरपालिकाको सचेत र अग्रगमनका पक्षधर नागरिकको अमूल्य मतद्वारा निर्वाचित जनप्रतिनिधिको नाताले जन अपेक्षा अनुरुपको स्थानीय शासन संचालन र सम्रग लोहारपट्टी नगरपालिकाको विकासका लागि जनताको माँग र आवश्यकता अनुरुप बजेट तर्जुमा गर्ने प्रयास गरेको छु।

नगरपालिकाले तैयार गर्दै गरेको प्रथम पंचवर्षिय आवद्यिक योजना, मध्यकालिन खर्च संरचनाको परिधिमा रहेर योजनावध्द र दिगो पूर्वाधारको विकास गर्दै नागरिकको आर्थिक, सामाजिक रुपान्तरण सहितको स्वास्थ्य सभ्य र सुसंस्कृत समाजको निर्माण गर्नु यस बजेटको मुख्य लक्ष्य रहेको छ। संविधानले निर्देशन गरेको समाजवाद उन्मूख स्वावलम्वी र आत्मनिर्भर अर्थ व्यवस्थाको आधार निर्माण गर्नु आजको

आवश्यकता हो। त्यसका लागि सबै वर्ग क्षेत्र समुदाय गरिव विपन्न पिछडिएका पछि परिएका लगायतका सवै नागरिकहरुको विकास एंव समृध्दिको सपना साकार गर्न वजेट तर्जुमा गरेको छु।

अगामी आर्थिक बर्ष २०८१।०८२ को बार्षिक नगर विकास योजना तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ र स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,२०७४ अनुसारले तपशिलमा उल्लेखित विषयलाई प्राथमिकतामा राखी बजेट तथा कार्यक्रम तयार गरिएको छ ।

क) अर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।

ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

ग) जनताको जिवन स्तर,आम्दनी र रोजगार बढने ।

घ) स्थानिय बासिन्दाहरुको सहभागिता जुटने ,स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने

ङ) स्थानिय श्रोत साधन र सिपको अधिकतम प्रयोग हुने ।

च) महिला,वालवालिका तथा पिछडिएका वर्ग,क्षेत्र र समुदायलाइ प्रत्यक्ष लाभ पुग्ने ।

छ) लैङ्गिक समानता र समाजिक समावेशिकरण अभिबृद्धि हुने ।

ज) दिगो विकास,वातावरणीय संरक्षण तथा सम्बद्र्घन गर्न सघाउ पुर्याउने ।

झ. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र समाजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने ।

संविधानमा उल्लेखित राज्यका निर्देशक सिध्दान्त तथा नीतिहरु,दिगो विकासका लक्ष्यहरु, राजनीतिक दलका प्रतिबध्दताहरु, संघीय सरकारको १६ औं योजना, नेपाल सरकार, प्रदेश सरकारको नीति कार्यक्रम तथा बजेट स्थानीय तहका स्थानीय सरकार संचालन निर्देशिका २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा गरेको प्रतिबध्दताहरु र सो बाट सृजित दायित्व श्रोत अनुमान तथा बजेट संग सरोकार राख्ने विभिन्न क्षेत्रका व्यक्तिहरु, विषयगत समितिहरु, उद्योगी व्यपारी तथा नगर सभा सदस्य ज्यू लगायत नागरिक समाजबाट समय-समयमा प्राप्त राय सुझावहरुलाई समेटेर यो बजेट तथा कार्यक्रम तर्जुमा गरी पेश गरेको छु। अगामी आर्थिक वर्ष देखि पंचवर्षिय आवधिक योजनाको विकास मोडेलको जग बसाल्न र नागरिकलाई आत्मनिर्भर बनाउन कृषिको विकासमा जोड दिएको छ। कृषि विकास कार्यक्रम लागु गरि कृषि क्षेत्रको आधुनिकरण व्यवसायिकरण विविधिकरण उत्पादन र उत्पादकत्वमा वृध्दि र बेरोजगार यूवाहरुलाई कृषि पेशामा आकर्षण, कृषि विद्युतिकरण सहज र सरलरुपमा

सडक पूर्वाधार विकासको अभियानमा तिव्ररुपमा नगरपालिका अगाडी बढीरहेको जनकारी गराउँदा खुशीको अनुभुती भई रहेको छ।

अगामी वर्ष देखि कृषि विकास कार्यक्रम र सडक पूर्वाधार कार्यक्रमले सार्थकता पाउने गरि नीति कार्यक्रम र बजेट व्यवस्थापन गरि शुरु हुने भएको छ। नगरपालिकालाई स्वच्छ खानेपानीको व्यवस्था, गुणस्तरीय शिक्षा र स्वास्थको पहुँच सर्वसुलब सेवा प्रवाह मुख्यरुपमा यस बजेटको उद्देश्य रहेको छ। बजेटको थप उद्देश्य र प्राथमिकताहरुमा रोजगार मूखी योजना तथा कार्यक्रम कार्यान्वय गरि नगरपालिकामा नै रोजगारीको अवसर सृजना गर्ने नगरपालिका तथा वडा कार्यालयको व्यवस्थापन जनशक्ति र श्रोतको व्यवस्थापन गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाई सुशासनको प्रत्याभुती गराउने वातावरण मैत्री, बालमैत्री स्थानीय शासन पध्दती कार्यान्वय ल्याउने, एतिहाशिक धार्मिक पर्यटकीय स्थलहरुको विकास संरक्षण सम्वर्ध्दनमा जोडदिने। यस नगरपालिकाको सामाजिक, आर्थिक र भौत्तिक विकासको लागि योजनाबध्द विकास अभियानहरु कार्यान्वयन गर्न विभिन्न सरकारी, गैर सरकारी तथा दातृ निकायहरु संग समन्वय र सहकार्य भईरहेको छ।

लोहारपट्टी नगरपालिकाको सबै नगरबासी जनताहरुको चहना र आवश्यकता अनुसारको विकास र सकारात्मक परिवर्तन प्रतिको चाहनालाई पुरा गर्दै जिम्मेवारीता स्वीकार गर्दै निर्वाचित जनप्रतिनिधिकोरुपमा पदभार ग्रहण गरे पश्चात आफूले प्राप्त गरेको जिम्मेवारी कुशलता पूर्वक निर्वाह गरेको यो एतिहाशिक क्षणमा सम्पूर्ण नगर सभा सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी मित्रहरु, सरोकारवाला सबै व्यक्तित्वहरु र समस्त नगरबासीहरु प्रति धन्यवाद सहित आभार व्यक्त गर्दछु।२ (दुई) कार्यकालको हाल सभाको अनुभवलाई आत्मसात गर्दै अगामी दिनहरुमा अझै जनपक्षिय, जन उत्तरदायी तथा विकास र परिवर्तनको चाहना सबै नगरबासीमा गराउन आफ्नो प्रतिवध्दता समेत व्यक्त गर्दछु।

**सभा अध्यक्ष ज्यू**

**सम्पूर्ण नगर सभा सदस्यहरु,**

अब म चालु आर्थिक वर्षका मुख्य-मुख्य क्रियाकलाप कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको संक्षेपमा कार्यप्रगतिको बारेमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

नगरसभाबाट आ.व. २०८०।०८१ को स्वीकृत कार्यक्रम अनुसार सम्झौता भएका योजना तथा कार्यक्रमहरु मध्ये ५०% प्रतिशत योजना सम्पन्न भई भुक्तानी प्राप्त गरी सकेका छन्। भन्ने बाँकी रहेका योजनाहरु सम्पन्न हुने गरी कार्य भईरहेका छन्। कार्य प्रगति संतोषजनक रहेको छन्। नगर गैरवका बहुवर्षिय योजना प्रशासकीय भवनको भौतिक प्रगति करिव ७५ प्रतिशत जति भएको छन। सामाजिक क्षेत्र

तर्फका बालबवाह उमेर नपुगी र जवरजस्ती गरिने विवाह न्यूनिकरण कार्यक्रमका विभिन्न कृयाकलाप नगर र सबै वडा सतरमा सक्रियताका साथ कार्यान्वय भई यस कार्यक्रमबाट सबै नागरिक सचेत भई सामाजिक व्यवहारमा परिवर्तन आएको देखिएकोछ।

विद्यार्थीहरुलाई गुणस्तर शिक्षा प्रदान गर्ने उद्देश्यले यस वर्ष देखि कक्षा ८ को वोर्ड परिक्षाको केन्द्र आफ्नो विद्यालयबाट आर्को विद्यालयमा तोकी नगर स्तरीय ८ कक्षाको परिक्षा संचालन भएको छ।

चालु आ.वको जेष्ठ मसान्त सम्म नगरपालिकालाई प्राप्त हुने वीत्तीय समानिकरण अनुदान, राजश्व बाँडफाँड लगायत त्यसै प्रदेश सरकारबाट प्राप्त हुने वीत्तीय समानिकरण अनुदान, राजश्व बाँडफाँड बाट प्राप्त हुने रकम विशेष र समपुरक अनुदानको सम्पूर्ण रकम प्राप्त नभएको र केही रकम निकसा प्राप्त नहुने बुझिएका कारणले स्वीकृत वार्षिक कार्यक्रम अनुसारको योजना तथा कार्यक्रममा आर्थिक वर्षको अन्त सम्ममा हुने कूल खर्चमा कमी हुने अनुमान गर्न सकिन्छ।

अब म अगामी आर्थिक वर्ष २०८१।२०८२ को बजेट तथा कार्यकम को बारेमा संक्षेपमा चर्चा गर्न चाहन्छु ।

नेपाल सरकार र प्रदेश सरकार को दिर्घकालिन लक्ष्य,१६ औ योजना को उदेश्य लक्ष्य र सन् २०३० सम्म मा नेपाललाई मध्यम आय भएको मुलुक मा पुर्याउने र दिगो विकासका लक्ष्य हासिल गर्न तथा विश्वब्यापी विकासका लक्ष्यहरुलाई पुरा गर्न, राष्ट्रिय प्रतिवद्धतालाई मुर्तरुप दिन तथा राष्ट्रको सर्वाङ्गिन विकासमा सघाउ पुर्याउन स्थानिय सरकारको समेत प्रमुख दायित्व र कर्तब्य हुने भएकोले लोहारपट्टी नगरपालिका (स्थानिय सरकार) ले आफनो स्थानिय नीति तथा कार्यक्रम मार्फत राष्ट्रिय लक्ष्य तथा प्रतिवध्दयतामा सहयोग पुर्याउने मुख्य उदेश्यका साथ यस नगरपालिकालाई सफा सुन्दर र समृद्ध नगरपलिका बनाउने सोच र लक्ष्यका साथ सभ्य तथा समृद्ध नगरबस्तीको पहिचान स्थापित गरी सुखि “नगरवासी समृद्ध लोहारपट्टी” नगरपालिका बनाउन पेश भएको अगामी बर्ष नीति कार्यक्रमको अधारमा बजेट,योजना तथा कार्यक्रम प्रस्ताव गरीएको छ ।

अगामी आर्थिक बर्ष २०८१।२०८२ को बजेट योजना र कार्यक्रम तर्जुमा गरि प्रस्ताव गर्दा संविधानमा उल्लेख भएका मौलिक हकहरु राज्यका निर्देशक सिद्धान्त र बजेट याजना तथा कार्यक्रम तर्जुमाका सिद्धान्त समेत लाई अवलम्बन गरि बजेटका मुख्य सोच, लक्ष्य र उद्देश्य देहाय अनुसार छन्ः

सोचः- आर्थिक समृद्ध र समुन्नत विकास सहितको “सुखी नगरवासी, समृद्ध लोहारपट्टी नगरपालिका” नाराका साथ सुन्दर नगरपालिका बनाउने सोच रहेको छ ।

लक्ष्यः- सबै नगर वस्ती लाई आत्म निर्भर बनाई सम्पन्न र विकसित नागरिक र समाजको रुपमा पहिचान सथापित गर्ने ।

उद्देश्यः- नगरवस्ती को दैनिकी जिवन सँगै आधारभूत आवश्यक्तालाई सघाउन आर्थिक सामाजिक पूर्वाधार लगायत क्षेत्रको विकास गर्दै कृषि उत्पादकत्व वृद्धिमा जोड दिदै विकासोन्मुख नगरपालिका बनाउने रहेको छ । उल्लेखित सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागी बजेटको मुख्य उद्देश्य र प्राथमिक्ता प्रस्तुत गर्न चाहन्छु ।

१.नगर वस्तीको आर्थिक र सामाजिक विकासका लागि नविनतम सम्भावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रवद्धन गर्दै नगरको समग्र आर्थिक विकास र समृद्धि हासिल गर्ने ।

२.नगर वस्तीको आवश्यक्ता र चाहना अनुसार गुणस्तरीय शिक्षाको सुनिश्चिता प्रदान गर्ने ।

३.नगर वस्तीलाई सर्व शुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

४.नगर वस्तीको दैनिक जिवन स्तर सुधार गर्न आधारभूत आवश्यक्ताहरुको परिपूर्ति गर्दै गरिबी न्यूनीकरणमा जोड दिने ।

५.स्वरोजगारको नयाँ नयाँ अवसरको पहिचान र खोजी गर्दै रोजगारको प्रत्याभूती दिने ।

६.कृषकलाई आकर्षण गर्न कृषि क्षेत्रको विकास र व्यवसायीकरण आधुनिकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

७.महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती, आदिवासी लगायत पिछडिएका र समुदायको विकासका लागि लक्षित प्रवद्र्धानात्मक कार्यक्रम संचालन गर्ने ।

८.सुशासन, पारदर्शिता र जवाफदेहिताको मान्यतालई आत्मसाथ गरि नगर वस्तीलाई दिँदै आईरहेको सेवा प्रवाहलाई अझ सरल, छिटो छरितो तथा सहज रुपमा नतिजामुखी सेवा प्रदान गर्ने ।

९.पूर्वाधार क्षेत्र तर्फ सबै नगर वस्तीको आवश्यक्ता अनुसारको विकास गर्दै गुणस्तरीयतामा जोड दिने ।

१०.नगर वस्तीको आर्थिक र सामाजिक विकासका लागि ऐतिहासिक र धार्मिक महत्वका रुपमा रहेको विकास स्थानहरुलाई धार्मिक पर्यटकीय स्थलको रुपमा पूर्वाधार विकास गर्न बजेट निर्माणका आधार तथा प्राथमिक्तका क्षेत्रहरुः-

–अगामी आर्थिक वर्षका लागी राजश्व नीति, राजश्वका श्रोत, दायरा सम्बन्धमा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा व्यवस्था भएको दायराको आधारमा तयार गरीएको अगामी आ.व को दर दायरालाई निरन्तरता दिई सामान्य संशोधन गरीएको छ ।

–नगरपालिकाको प्रशासनीक खर्च स्थानीय तहले आफ्नो आन्तरिक आय र प्राप्त राजश्व बाँडफाँड रकमबाट पुग्ने गरी राजश्व व्ययको अनुमान गर्नुपर्ने व्यवस्था अनुसार प्रशासनिक चालु खर्च सिमा भित्र रहेको छ ।

–नगर वस्ती संग प्रत्यक्ष सरोकार राख्ने आर्थिक उपार्जनका कृयाकलाप मार्फत रोजगारीको नयाँ अवसर सृजना गरि आत्म निर्भर हुने खालको योजनाहरु

–कम लागतमा उच्चतम प्रतिफल प्राप्त हुने योजनाहरु

–गरिबी निवारणमा सघाउ पुग्ने योजनाहरु

–लक्षित समूह, वर्ग, क्षेत्र, समुदायका विकास तथा संरक्षण लगायत विषयगत क्षेत्र अन्रतगतका क्रियाकलापहरु बजेटको उल्लेखित उद्देश्य तथा प्राथमिकक्ता कार्यान्वयन गर्न देहाय अनुसारको क्रियाकलापहरु सम्पादनमा जोड दिइनेछः-

क)नगर सभाबाट स्वीकृत वार्षिक बजेट, योजना तथा कार्यक्रमहरु आर्थिक वर्षको अन्तिम अवधिमा कार्यान्वयन गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ र कर्मचारीहरुलाई काम प्रति जिम्मेवार बनाई जिम्मेवारीपूर्ण कार्य सम्पादन गर्ने उत्कृष्ट कर्मचारीहरुलाई पुरष्कृत गर्ने परम्पराको सुरुवात गरिनेछ ।

ख)बजेट कार्यक्रम कार्यान्वयन सम्बन्धी वार्षिक कार्य योजना बनाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याइनेछ ।

ग)कर्मचारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ ।

घ)उपभोक्ता समितीका पदाधिकारीहरुलाई क्षमता विकास सम्बन्धी अभिमुखिकरणका क्रियाकलापहरु संचालन गरिनेछ ।

ङ)योजनाको अनुगमन सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

च)नगर वस्तीलाई दिइने सेवा प्रवाह र विकासका लागी नगरपालिका कार्यालयमा कर्मचारी जनशक्तिको कमी हुन नदिन कर्मचारी दरबन्दी पुनरावलोकनका लागि गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनले सिफारिस गरेको आधारमा कर्मचारी पदपूर्तिको व्यवस्था गरिनेछ ।

सभाध्यक्ष ज्यू,

अब म यस लोहारपट्टी नगरपालिकाको गत आर्थिक वर्ष २०७९।०८० को यथार्थ आय व्ययको विवरण र चालु आर्थिक वर्ष २०८०।०८१ को संशोधित आय व्यय बजेट र अगामी आर्थिक वर्ष २०८१।०८२ को प्रस्तावित अनुमान राजश्व व्यय बजेट प्रस्तुत गर्न अनुमती चाहन्छु ।

१. यस लोहारपट्टी नगरपालिकाको गत आर्थिक वर्ष २०७९।०८० को अनुमानित बजेट रु.६१,५१,१४,०००।- रहेकोमा उक्त आ.व मा कुल यथार्थ आय रु.४८,७२,००,०००।- **अठचालिस करोड बहत्तर लाख मात्र** रहेको थियो भने व्यय खर्च तर्फ रु.४४,७५,८२,०००।- **चौवालिस करोड पचहत्तर लाख विरासी हजार मात्र** रहेको थियो ।

२.चालु आर्थिक वर्ष २०८०।०८१ को अनुमानित बजेट रु.६३,४२,२५,०००।- **त्रिसठी करोड बियालिस लाख पचिस हजार** रहेकोमा हाल यस आ.व को लागी ४९,७८,४०,०००।- **उन्नचास कारोड अठहत्रर लाख चालिस हजार** संशोधित आय व्यय बजेट पेश गरेको छु ।

साभध्यक्ष ज्यूः

त्यसै गरि अव म अगामी आर्थिक वर्ष २०८१।०८२ को लागी प्रस्ताव गरीएको कार्यक्रम कार्यान्व्यन गर्न आवश्यक श्रोत बजेट परिचालनको लागी नेपाल सरकार/प्रदेश सरकार तथा नगरपालिकाको आफ्नो आन्तरिक आय श्रोतबाट प्राप्त हुने बजेट सम्बन्धी आय व्यय विवरण यस सभामा पेश गर्न अनुमती चाहन्छु ।

अगामी आर्थिक वर्ष २०८१।०८२ का लागी कुल प्रस्तावित अनुमानित बजेट रु.६५,६१,९३,०००।- **पैसठ कारोड एकसठ लाख त्रिरान्नब्बे हजार मात्र** विनियोजन गरी प्रस्ताव गरेको छु । कुल विनियोजन रकम मध्ये चालु तर्फ रु.३७,८९,९३,०००।- **सैतिस कारोड उनन्ब्बे लाख त्रियान्नब्बे हजार मात्र** अर्थात ५७.७६ प्रतिशत र पूजीँगत तर्फ रु.२७,७२,००,०००।- **सतायिस करोड बहतर लाख मात्र** अर्थात ४२.२४ .प्रतिशत रहेको छ ।

कुल अनुमानित बजेट को श्रोत मध्ये संघीय सशर्त अनुदानबाट रु २५ करोड २३ लाख ३ हजार संघीय वितिय समानीकरण अनुदान तर्फ रु ११ करोड ५५ लाख, विशेष अनुदान तर्फ रु ५० लाख, समपूरक अनुदान तर्फ रु २ करोड ४५ लाख, राजश्व बाँडफाँडबाट रु १० करोड ५७ लाख, मधेश प्रदेश सरकारको राजश्व बाँडफाँड तर्फ रु ५३ लाख, वित्तिय समानीकरण तर्फ रु ८३ लाख तीन हजार, विशेष अनुदान तर्फ रु ३० लाख, समपूरक अनुदान तर्फ रु २० लाख र सर्शत अनुदान तर्फ रु ९५ लाख गरी जम्मा २ करोड २८ लाख तीन हजार अनुमानित पेश गरेको छु र आन्तरिक श्रोेत बाट रु २ करोड ५० लाख तथा अनुमानित बैंक मौज्दात रु ९ करोड मात्र गरी अगामाी आ.व २०८१।०८२मा जम्मा आय रु ६४ करोड ६१ लख ६६ हजार रहने अनुमान गरेको छु ।

उल्लेखित प्रस्ताव गरिएको आय व्यय बजेट तथा कार्यक्रमको विस्तृत विवरण यसै साथ संलग्न अनुसूची फारमहरुमा उल्लेख गरेको छु ।

अन्त्यमाः–

बजेट तथा कार्यक्रम तर्जुमा आफैमा महत्वपूर्ण कार्य हो र यो भन्दा बढी महत्वपूर्ण कार्य प्रभावकारी कार्यान्वयन हुने हो । तर्जुमा गरिएको बजेट कार्यक्रम सहि कार्यान्वयन भएमा मात्र यसले सार्थकता पाउँछ । त्यसैले बजेटको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारकारबालासँग सहयोगको पूर्ण अपेक्षा गरेको छु ।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा मार्ग निर्देशन र महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने आदरणिय नगर प्रमुख ज्यू, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथत कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरु, नगरपालिकाका विभिन्न शाखाहरु, नगर सभाका सदस्य ज्यूहरु तथा आ–आफ्नो तर्फबाट सुझाव दिनुहुने बुद्धिजिवी, नागरिक समाज, संघ संस्था, प्रमुख प्रशासकीय अधिकृत ज्यू लागायत सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसै गरी यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने विभिन्न राजनैतिक दलका प्रतिनिधि ज्यूहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि ज्यूहरु, उद्योग व्यवसायीहरुमा आभार व्यक्त गर्न चाहन्छु ।

त्यसैगरी आम नगर वस्ती, निजी क्षेत्र, विकास साझेदारहरु, नागरिक समाज प्रति धन्यवाद दिन चाहन्छु । यस अवसरमा नगरको विकास कार्यमा प्रभावकारी रुपले सक्रिय सहयोग गर्नुहुने सबै प्रति धन्यवाद व्यक्त गर्दछु ।

त्यसै गरी बजेट तथा कार्यक्रमको तर्जुमा को विभिन्न चरण तैयारीको अन्तिम सम्म खटिने नगर कार्यपालिका कार्यालय तथा विषयगत शाखा लगायत वडा कार्यालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा बजेट तथा कार्यक्रम कार्यान्वयनमा नगर सभाका सदस्य ज्यूहरु, कर्मचारी वर्ग, नागरिक समाज, सञ्चार माध्यम तथा सम्बद्ध सम्पूर्ण सरोकारकारवालाहरुबाट सकारात्मक सहयोगको अपेक्षा गर्दै समृद्ध र सुशासन युक्त लोहारपट्टी नगरपालिकाको निर्माणमा सबैको आ-आफ्नो क्षेत्रबाट सक्रिय योगदान हुने आशा र विश्वासका साथ आफ्नो छोटो बक्तव्य यहि अन्त्य गर्दछु ।

धन्यवाद ।।।

शरिता शर्मा

नगर उप-प्रमुख तथा संयोजक बजेट तथा कार्यक्रम तर्जुमा समिति